# नेपाली कानून विद्यार्थी सञ्जाल
# Nepalese Law Student Association
## को
## विधान–२०६५ *(2009)*

प्रस्तावना :

समाज र कानून बीच अन्योन्याश्रित सम्बन्ध छ । तसर्थ समाज र राष्ट्रको विकासमा कानूनका विद्यार्थीहरुले अतुल्यनीय भूमिका खेल्न सक्दछन् । मुख्यत: नेपाली कानून विद्यार्थीहरुमा मानवअधिकारको प्रवर्द्धन, विधिको शासन र कानूनी राज्यको अवधारणालाई हरेक नेपाली माझ पुऱ्याउने अहम् दायित्व रहेको हुन्छ । यसको निम्ति कानून विद्यार्थीहरु पनि स-शक्त, सक्षम र एकतावद्ध हुनु पर्ने हुन्छ । तसर्थ, नेपाली कानून विद्यार्थीको स-शक्तिकरण तथा विकास, आपसी सम्वन्ध, कानूनी शिक्षाको प्रवर्द्धन र नेपाली कानून विद्यार्थीहरुको समाज प्रतिको दायित्वलाई अभिवृद्धि गर्नको निम्ति नेपाल भरीका कानून विद्यार्थीहरुलाई एउटै सञ्जालमा ल्याउन आवश्यक रहेकोले हामीले "नेपाली कानून विद्यार्थी सञ्जाल" अंग्रेजीमा Nepalese Law Student Association (NeLSA) को गठन गरेका छौं ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संस्थाको नाम :**

क. यस संस्थाको नाम नेपालीमा "नेपाली कानून विद्यार्थी सञ्जाल" र अंग्रेजीमा ***"Nepalese Law Student Association"*** रहने छ । छोटकरीमा अंग्रेजीमा ***NeLSA*** रहनेछ ।

ख. **संस्थाको कार्यालय रहने ठेगाना :**

यस संस्थाको केन्द्रीय कार्यालय नयाँ वानेश्वर वडा नं. ३४ काठमाडौंमा रहनेछ ।

ग. **संस्थाको कार्यक्षेत्र :**

यस संस्थाले काठमाण्डौंमा केन्द्रीत भई नेपाल राज्यको सम्पूर्ण जिल्लाहरुमा आफ्नो काम गर्न सक्नेछ । भविष्यमा यसको औचित्य एवम् व्यापकता हेरी कार्यसमितिले निर्णय गरे अनुरुपका स्थानहरुमा स्थानीय अधिकारीको स्वीकृती लिई स्थानीय कार्यालय वा शाखाहरु खोल्न सकिनेछ

घ. **प्रारम्भ :**

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :

क. विधान भन्नाले नेपाली कानून विद्यार्थी सञ्जाल ***Nepalese Law Student Association (NeLSA)*** को विधान २०६५ (2009) लाई मानिने छ ।

ख. संस्था भन्नाले "नेपाली कानून विद्यार्थी सञ्जाल" ***Nepalese Law Student Association (NeLSA)*** लाई जनाउँदछ ।

ग. केन्द्रीय समिति भन्नाले संस्थाको केन्द्रीय कार्य समितिलाई सम्झनु पर्दछ ।

घ. सभा भन्नाले विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत

Scanned by CamScanner

जनाउँदछ ।

ङ. पदाधिकारी भन्नाले संस्थाको कार्य समिति सदस्यलाई सम्झनु पर्दछ ।

च. नियम, विनियम भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई सम्झनु पर्दछ ।

छ. स्थानिय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँनेछ ।

ज. धारा, उपधारा भन्नाले यसै विधानको धारा, उपधाराहरुलाई सम्झनु पर्दछ ।

झ. स्थानीय निकाय भन्नाले महानगरपालिका, उपमहानगरपालिका, गाउँ विकास समिति र जिल्ला विकास समिति लाई जनाउँनेछ ।

ञ. तोकिएको वा तोकिए बमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ट. कानून विद्यार्थी भन्नाले कुनै पनि व्यक्ति पुरुष वा महिला, जुनसुकै रंग, जात, जाति, धर्म, भेष वा भेषभुषाको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ल (कानून) कलेजमा अध्ययनरत र भर्खर अध्ययन गरिसकेका नेपाली विद्यार्थीहरुलाई बुझ्नु पर्दछ ।

ठ. सदस्य भन्नाले यस विधानको परिच्छेद ३ मां व्यवस्था भए वमोजिम सदस्यता प्राप्त गरेको कानूनी विद्यार्थीलाई वुझ्नु पर्दछ।

३. **संस्थाको छाप र चिन्ह :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुची १ वमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम र छाप पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरीनेछ ।

४. **संस्थाको अस्तित्व ;**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामुलक, गैर राजनीतिक तथा गैरसरकारी नितान्त सामाजिक सेवा भावले अभिप्रेरित कानून विद्यार्थीहरुको सामूहिक संस्था हुनेछ । यो संस्था कानूनको दृष्टिले व्यक्ति सरह सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न र मुद्दा मामिला गर्न सक्नेछ । साथै यस उपर पनि व्यक्ति सरह मुद्दा लाग्न सक्नेछ ।

## परिच्छेद-२
## उद्देश्य

५. **संस्थाको उद्देश्य :**

प्रचलित ऐन कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रही सम्वन्धित निकायसंग समन्वय राखी कार्य गर्ने गरी यस संस्थाका निम्न उद्देश्यहरु रहेका छन् :

क. देशभित्र वा वाहिर छरिएर रहेका कानूनका विद्यार्थीहरुलाई एउटै सञ्जालोमा ल्याई कानूनी विद्यार्थी स-शक्तिकरण तथा विकासका लागि सहयोग, सद्भाव र सहकार्यको विकास गर्ने ।

ख. नेपाली कानून विद्यार्थीहरुको एउटा छाता संस्थाको रुपमा कार्य गर्ने ।

ग. कानून विद्यार्थीहरुको विषय तथा सवालहरुलाई राष्ट्रिय एजेण्डा वनाउन वकालत गर्ने तथा सहजिकरण गर्ने ।

घ. यस संस्था तथा आवद्ध सदस्य कानून विद्यार्थीहरुको र अरु कानून विद्यार्थीहरुको क्षमता अभिवृद्धिकालागि विभिन्न कार्यक्रम, गोष्ठी, तालिम तथा सेमिनारहरुको आयोजना गर्ने ।

ङ नेपालको कानूनी शिक्षाको र कानूनका विद्यार्थीहरुसँग सम्वन्धित विषयहरुमा नेपाल सरकार तथा सम्वन्धित निकायहरुलाई सल्लाह, सुझाव दिई कार्यान्वयन गराउन जोड दिने ।

च. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका विभिन्न कानून विषयसँग सम्वन्धित गतिविधि तथा कार्यक्रम

Scanned by CamScanner

आयोजना गर्ने ।

छ. अन्तर्राष्ट्रिय नीति निर्माण तथा निर्णय गर्ने संयन्त्रहरु, अन्तर्राष्ट्रिय कानून विद्यार्थी संगठन, सम्मेलन र अन्य क्षेत्रीय मञ्चहरुमा नेपाली कानूनका विद्यार्थीहरुको प्रतिनिधित्व गर्ने ।

ज. समग्र कानूनी विद्यार्थीहरुको विकासका लागि अन्तर्राष्ट्रिय यूवा संघ-संस्था तथा सञ्जालहरुसँग सम्पर्क, सहकार्य तथा सञ्जाल विस्तार गर्ने ।

झ. मानवअधिकार, बिधिको शासन, न्याय र शान्तिको लागि सहयोग पुर्याउने उल्लेखनिय कार्यहरु गर्ने ।

ञ. समग्र देश विकास र निर्माणका विभिन्न क्षेत्रहरुमा सहयोग पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गर्ने ।

**६. संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न निम्नानुसारका कार्यहरु गरिनेछ :**

क. समान उद्देश्य भएका वा संस्थाका उद्देश्यहरुसँग सहमत हुने स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सदस्यता प्राप्त गर्ने, आफ्नो सदस्यता प्रदान गर्ने र यी संघ संस्थाहरुसँग समन्वय राखी कार्य गर्न गराउन सक्नेछ ।

ख. उद्देश्य प्राप्तिका लागि आवश्यक खोज तथा अनुसन्धान, तालिम, अध्ययन, भ्रमण, अन्तरक्रिया सार्वजनिक सरोकारका बिषयहरुमा अदालतमा रिट दायर गर्ने तथा गोष्ठी गर्न गराउन सक्नेछ ।

ग. संस्थाको योजना तथा कार्यक्रमका सम्वन्धमा आवश्यक वुलेटिन, प्रकाशन, प्रचार सामाग्री, श्रव्य तथा श्रव्य दृश्य सामाग्री तथा वृत्तचित्रको निर्माण, प्रकाशन तथा प्रसारण गर्न गराउन सक्नेछ ।

घ. संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने भवन निर्माण गर्ने, कार्यालय समान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने सक्नेछ ।

ङ. संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने सेवाका शर्त तथा सुविधाहरु निर्धारण गर्न गराउन सक्नेछ ।

च. संस्थाको उद्धेश्य प्राप्त गर्न विभिन्न परियोजना प्रस्तावनाहरु वनाएर ~~अर्थ संकलन गरी~~ परियोजना कार्यान्वयन गर्न गराउन सक्नेछ ।

छ. संस्थाको काम कारवाही चलाउन चाहिने श्रोतहरु (नगद वा जिन्सी) विभिन्न अर्थ संकलनका श्रोत तथा माध्यमवाट जुटाउन सक्नेछ ।

## परिच्छेद ३
## सदस्यता

७. सदस्यहरुको वर्गिकरण :

१. यस संस्थामा निम्न प्रकारका सदस्यहरु हुनेछन् :

क. साधारण सदस्य : यस विधानको दफा ८ वमोजिम योग्यता पुगेको कुनै पनि कानूनको विद्यार्थीले तोकिएको प्रक्रिया अन्तर्गत रही आवदेन गरेमा यस संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन् ।

ख. संस्थापक सदस्य : यस संस्थाको स्थापनामा पहल गरि सक्रिय योगदान पुऱ्याउने यस विधानको दफा ३४ मा उल्लेखित व्यक्तिहरु संस्थाका संस्थापक सदस्यहरु हुनेछन् । संस्थापक सदस्यहरुको यस संस्थालाई विधिवत दर्ता गरि ६ महिना भित्र पहिलो साधारण सभा गरि कार्य समिति स्थापना गर्ने जिम्मा हुनेछ ।

ग. आजीवन सदस्य : यस संस्थाको विकासको लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिने छ ।

Scanned by CamScanner

घ. मानार्थ सदस्य : संस्थाको उद्देश्य पूरा गर्न मद्दत गर्ने र संस्थाले आवश्यक ठानेका व्यक्ति वा संस्थालाई कार्य समितिको निर्णयले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिने छ । मानार्थ सदस्यता विदेशी सहयोगी व्यक्ति वा संस्थालाई पनि दिन सकिने छ । मानार्थ सदस्यले छलफलमा भाग लिन पाउने छ, तर मतदानमा भाग लिन पाउने छैन र गणपूरक संख्याका लागि पनि समावेश हुने छैन ।

२. सल्लाहकार

संस्थाको हितको लागि विभिन्न विज्ञहरुलाई कार्यसमितिको निर्णयवाट सल्लाहकारको रुपमा राख्न सकिनेछ ।सल्लाहकारहरुको पदावधि २ वर्षको हुनेछ र कार्यसमितिको निर्णयवाट सल्लाहकारहरु फेरबदल गर्न सकिनेछ । सल्लाहकारहरुको संख्या समेत कार्यसमितिले निर्धारण गर्नेछ । सल्लाहकार विदेशी नागरिकहरुलाई पनि दिन सकिने छ ।

३. सदस्यको कर्तव्य :

क. यस संस्थाको प्रत्येक सदस्यले संस्थाको उन्नति र हितको लागि मन, वचन र कर्मले समर्पित हुनु पर्नेछ ।

ख. संस्थाको विधान तथा नियमहरुको अक्षरस: पालना गर्नु पर्नेछ ।

ग. संस्थाले सम्पादन गर्ने प्रत्येक कार्यहरुमा यथासक्य सक्रिय सहयोग गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

घ. संस्थामाथि आई पर्ने वा आईपरेका संकटहरुको सामाना गर्नु सम्पूर्ण सदस्यको परम कर्तव्य हुनेछ ।

ङ. संस्थाको नीति, कार्यक्रम, सूचना तथा आह्वानप्रति सजग रही सक्रिय योगदान पुऱ्याउनु सबै सदस्यहरुको कर्तव्य हुनेछ ।

४. सदस्यको अधिकार तथा सुविधा :

क. संस्थाको प्रत्येक सदस्यहरुलाई संस्थाको सम्पूर्ण कार्यहरुमा भाग लिन पाउने अधिकार सुरक्षित रहनेछ ।

ख. प्रत्येक सदस्यले साधारण सभामा भाग लिने, कार्यसमितिको पदहरुकालागि उम्मेदवार हुने र मत दिने अधिकार हुनेछ । प्रत्येक सदस्यको तर्फबाट १ भोट हुनेछ ।

ग. संस्थाको सम्पूर्ण काम कारवाहीप्रति आवश्यक जानकारी राख्न सबै सदस्यहरुलाई सु-सूचित हुन पाउने हक सुरक्षित गरिएको छ । अति गोप्य वा विशिष्ट कागजातको हकमा अध्यक्षको अनुमति अनिवार्य रहनेछ ।

८. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यको लागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

क. नेपाली नागरिक भएको ।

ख. १८ वर्ष पूरा भएको ।

ग. मानसिक सन्तुलन नगुमाएको ।

घ. सार्वजनिक सम्पति हिनामिन गरेको नठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय नपाएको ।

च. कानून संकायमा एलएल. बी. वा एलएल. एम. मा अध्ययनरत वा भर्खर अध्ययन गरिसकेका विद्यार्थीहरु ।

छ. सदस्यता सम्वन्धि अन्तिम निर्णय कार्यसमितिको हुनेछ ।

९ संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :

१ संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था

NeLSA-20..

Scanned by CamScanner

देहायको अवस्थामा कुनै पनि सदस्यको सदस्यताको सदस्य पद वहाल रहन सक्नेछैन :
क. गैर नेपाली नागरिक ।
ख. १८ वर्ष नपुगेको ।
ग. सार्वजनिक सम्पत्ति हिनाविना गरेको ठहरेको ।
घ. मगज विग्रेको वा बौलाएको ।
ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टचारीको अभियोगमा सजाय पाएको ।
च. सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
छ. साहूको दामासाहीमा परेको ।
ज. कानुन संकायमा नियमित अध्ययनरत नभएको ३ वर्ष बितेमा ।

२ सदस्यताको समाप्ति :

देहायको अवस्थामा सस्थाको सदस्यता वहाल रहने छैन ।
क. यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा
ख. साधारण सभाको ७५% सदस्यहरुको वहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पारित गरेमा ।
ग. सदस्यले आफ्नो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ।
घ. यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।
ङ. वार्षिक सदस्यता शुल्क बुझाउन बाँकी भएमा वा संस्था विघटन भएमा ।

१०. सदस्यता शुल्क र नविकरण

क. साधारण सदस्य : प्रवेश शुल्क रु. २००/- र नविकरण शुल्क रु. १००/- लाग्नेछ ।
ख. आजीवन सदस्य : रु १,०००/– लाग्नेछ ।
ग. सदस्यताको अवधि श्रावण देखि असार मसान्त सम्मको हुनेछ । पहिलो वर्ष जुन सुकै समयमा सदस्यता लिएको भएता पनि त्यसको अवधि असार मसान्तसम्म मात्र हुनेछ ।
घ. सदस्यहरुले असार मसान्त भित्र वार्षिक शुल्क बुझाई नविकरण गर्नु पर्नेछ । नविकरण नगरी बाँकी रहेका सदस्यले आश्विन मसान्तभित्र नविकरण गरेमा ढिलो शुल्क रु ५० सहित रु १५०/- तिर्नु पर्नेछ । कार्तिक महिनाभित्र नविकरण नगरेमा त्यस्तो सदस्यता स्वत खारेज हुनेछ । त्यस्ता सदस्यले नयां सदस्य सरह पुनः प्रवेश शुल्क बुझाई सदस्यता प्राप्त गर्नु पर्नेछ ।
ङ. प्रवेश शुल्क तथा वार्षिक शुल्क यस संस्थाको कार्य समितिले परिवर्तन गर्न सक्नेछ ।

## परिच्छेद ४
## साधारण सभा, कार्य समिति तथा बैठक सम्वन्धी व्यवस्था

११. साधारण सभाको गठन :

१. यस विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने सम्पूर्ण सदस्यहरु सम्मिलित साधारण सभा गठन हुनेछ । संस्थाको मुख्य निर्णायक अंगको रुपमा रहेको यससभामा मानार्थ सदस्य तथा सल्लाहकारहरु आमन्त्रित सदस्यको रुपमा सम्मिलित हुन सक्नेछन् ।
क. साधारण सभाको प्रतिनिधि संख्या कार्य समितिले निर्धारण गर्नेछ ।
ख. साधारण सभा उपस्थित सदस्यले मात्र कार्यसमितिको पदकोलागि उम्मेदवारी दिन तथा कार्य समितिको चुनावको लागि मतदान गर्ने सक्ने छ ।

२. यस संस्थाको साधारण सभाको अधिवेशन देहाय वमोजिम हुनेछ :
क. वार्षिक साधारण सभा : यो सभा वर्षको कम्तिमा १ पटक कार्यसमितिले बोलाउनेछ ।
ख. विशेष साधारण सभा : आवश्यक परेमा दुई तिहाई सदस्यहरुले विशेष साधारण सभाको माग गर्न सक्नेछन् । कार्य समितिको ५१ प्रतिशतको निर्णयवाट पनि विशेष साधारण

Scanned by CamScanner

सभा बोलाउन सकिने छ । तर साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन । विशेष साधारण सभामा तोकिएको विषयमा बाहेक अध्यक्षको पूर्व स्वीकृति नलिई छलफल गर्न सकिने छैन ।

३. यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

४. उपदफा ३ बमोजिम बोलाईएको सभा वा विशेष साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पूनः साधारण सभा बोलाइने छ ।

१२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

क. यस सभाले संस्थाको नियमानुसार आधारभूत नीति निर्देशन, योजना तथा कार्यक्रमहरुको सम्बन्धमा निर्णय गर्नेछ । साथै कार्यसमितिले गरेका निर्णयहरुमा आवश्यक अनुमोदन गर्नेछ ।

ख. यसै सभाद्वारा कार्यसमितिको चुनाव गोप्य मतदान वा सर्वसम्मतीबाट गरिनेछ ।

ग. यस साधारण सभाले कार्यसमितिले गरेका कार्यहरुको समिक्षा गर्ने तथा सचिव र कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन तथा लेखा परिक्षणको प्रतिवेदन उपर अध्ययन तथा छलफल गरी पारित गर्नेछ ।

घ. संस्थाको बिधान संशोधनको लागि कार्यसमितिद्वारा पेस भएमा विधान संसोधन, नियम तथा विनियम स्वीकृत गर्नेछ ।

ङ. आगामी वर्षको वार्षिक कार्यक्रम तथा बजेट पेश गरिं पारित गर्नेछ ।

च. साधारण सभाले यस संस्थाको कुनैपनि सदस्यलाई निजको खराब आचरण वा अन्य गलत क्रियाकलापका बारेमा स्पष्टीकरण सोध्न सक्नेछ । सन्तुष्टिपूर्ण जवाफ नआई शंकास्पद चरित्र भेटिएमा निलम्बन वा सदस्यतावाट अलग गर्न सक्नेछ ।

## १३. कार्यसमितिको गठन

क.साधारण सभाका सदस्यहरुवाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष एक एक जना, तथा बढीमा ३ जना सदस्य गरी बढीमा ७ सदस्यीय एक कार्य समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| सचिव | १ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्य | ३ जना |

ख. केन्द्रीय कार्यसमितिका सबै पदहरुको चयन साधारण सभावाटै निर्वाचनको माध्यमबाट हुनेछ ।

ग. कार्यसमितिको पदावधि २ वर्षको हुनेछ । प्रत्येक २ वर्षमा कार्य समितिको चुनाव हुनेछ ।

घ. केन्द्रीय कार्यसमितिको बैठक कम्तिमा वर्षको ६ पटक, अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% सदस्यले बैठक बोलाउन माग गरेमा तुरुन्त बैठक बोलाउन अध्यक्षले महासचिवलाई निर्देशन दिनु पर्नेछ ।

ङ. कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित भै कार्यसमितिको बैठक बस्न सक्नेछ ।

च. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

छ. कार्यसमितिको प्रत्येक सदस्य अध्यक्षप्रति उत्तरदायी रहनेछन् ।

ज. कार्यसमितिका सदस्यको स्थान रिक्त भएमा रिक्त पद कार्यसमितिको निर्णयवाट मनोनयन गरेर उक्त पदको बाँकी अवधिसम्मको लागि पदपूर्ति गरिनेछ ।

झ. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयवाट हुनेछ ।

Scanned by CamScanner

ञ. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

ट. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्ने छ । तर निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ ।

ठ. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय बमोजिम पुस्तिका संलग्न गरी त्यस्तों काम बैठक बिना पनि गर्न सकिने छ । उपर्युक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

१४. **कार्यसमितिको काम, कर्तव्य र अधिकारः** कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित वजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

ख. विधान बमोजिमको व्यवस्था पालना गरि साधारण सभाको निर्णय कार्यान्वियन गर्ने, गराउने ।

ग. यस संस्थाको औपचारिक प्रतिनिधित्व गर्ने ।

घ. आफ्ना सदस्यहरुको पेशागत हितको संरक्षण र सुविधाको लागी सम्बन्धित निकायहरु (संघ, संस्था तथा प्रतिष्ठान) संग सम्वन्ध स्थापित गरी आवश्यक काम कारवाही गर्नेछ ।

ङ. यस संस्थाको विधान र नियमहरुको अधिनमा रही दैनिक कारवाही संचालन गर्नेछ ।

च. वार्षिक कार्यक्रम तथा वजेट मस्यौदालाई साधारण सभाद्वारा अनुमोदन गराउनेछ ।

छ. यस संस्थाको सदस्यता ग्रहण गर्न चाहनेलाई सदस्यता प्रदान गर्नेछ ।

ज. कारवाहीमा परेका सदस्यहरुको आवश्यक छानविन पश्चात आफ्नो सिफारिस सहित साधारण सभामा पेश गर्नेछ ।

झ. यस संस्थाको दैनिक कार्य अन्तर्गत लेखा र प्रशासन सम्वन्धि कार्यक्रमको जिम्मा लिनेछ र आर्थिक नियमावलीको अधिनमा रही आर्थिक कारोवार गर्नेछ ।

ञ. आवश्यकता हेरी समय अनुसार आकस्मिक साधारण सभा बोलाउन सक्नेछ ।

ट. स्थानिय, क्षेत्रिय, राष्ट्रिय वा अन्तराष्ट्रिय सभा, गोष्ठी, बैठक वा भ्रमणमा भाग लिन यस संस्थाको प्रतिनिधि मण्डलको मनोनयन गर्नेछ ।

ठ. यस संस्थाको सम्पूर्ण सदस्यहरुको संस्थागत विवरण राख्नेछ ।

ड. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना वनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने

ढ. कार्य समिति सदस्यको सदस्यता निम्न लिखित अवस्थामा समाप्त हुनेछ : राजिनामा दिएमा, सन्तोपजनक सूचना नदिई कार्य समितिको बैठकमा लगातार तीन पटक सम्म अनुपस्थित भएमा, पदिय दायित्व पुरा नगरेमा र संस्थाको सदस्य नरहेमा ।

१५ **पद त्याग गर्न सक्ने :** अध्यक्षले कार्यकारी उपाध्यक्ष मार्फत कार्य समिति समक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

१६. **अन्य समितिहरुः**

क. यस विधानको परिधिभित्र रहेर संस्था कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति, उप समितिहरुको गठन गर्न सक्नेछ ।तर यस्तो निर्णय साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ । समिति तथा उप समितिहरुको कार्यहरु कार्य समितिले तोकीदिए बमोजिम हुनेछ ।

ख. उप समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुनेछ ।

Scanned by CamScanner

## परिच्छेद ५

### पदाधिकारीको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार : कार्य समितिका पदाधिकारहिरुको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

१. अध्यक्ष :

क. अध्यक्षले यस संस्थाको वैधानिक नेतृत्व गर्नेछ ।

ख. साधारण सभा तथा कार्यसमितिको वैठकहरुको अध्यक्षता अध्यक्षले गर्नेछ ।

ग. यस संस्थाको सम्पूर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रणका साथै आवश्यक निर्देशन प्रदानगरी लक्ष्य प्राप्ति प्रति गतिशिलता तथा निरन्तरता दिने कार्य अध्यक्षको हुनेछ ।

घ. एक तिहाई सदस्यहरुवाट आकस्मिक साधारण सभाको लिखित माग प्राप्त भएको खण्डमा अध्यक्षले वैठक बोलाउनु पर्नेछ ।

ङ. यस संस्थाको कुनै पनि कार्यक्रम नियम अनुसार तथा सम्वन्धित निकायको निर्णय अनुसार भए गरेको तथा कार्यान्वयन भए नभएको हेरचाह गर्नु अध्यक्षको कर्तव्य हुनेछ ।

च. संस्थाको कार्यक्रम तथा कृयाकलापलाइ कार्यान्वयन गर्दा कार्य समितिका सदस्यहरु पूर्ण रुपमा अध्यक्ष प्रति उत्तरदायी हुनेछन् ।

२. उपाध्यक्ष :

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्दै आएको सम्पूर्ण कामहरु जिम्मेवारीपूर्वक सम्हाल्नु पर्नेछ ।

ख. अध्यक्षवाट प्रत्यायोजित कार्यप्रति पूर्ण रुपमा लाग्नु पर्नेछ ।

ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति उपाध्यक्षले पद अनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

३. सचिव :

क. अध्यक्षको निर्देशनमा साधारण सभा तथा कार्यसमितिको वैठक वोलाउने ।

ख. अध्यक्षको निर्देशनमा यस संस्थाको दैनिक प्रशासकीय कार्यहरुको रेखदेख नियन्त्रण तथा पत्राचार गर्ने र निर्देशन दिने ।

ग. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णय तथा कार्यक्रमको विस्तृत विवरण सहितको माइन्युट तयार गरि सुरक्षितसाथ राख्ने ।

घ. पारित कार्यक्रमलाई कार्यान्वयनका लागि संस्थाका सदस्यहरु मध्ये जसको सकृयतामा कार्य सम्पन्न हुन्छ उसैलाई जिम्मेवारी सुम्पने तथा कार्य प्रगति प्रतिवेदन कार्यसमितिमा उपलब्ध गराउने जिम्मा सचिवको हुनेछ ।

ङ. साधारण सभा तथा कार्यसमितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गराउने जिम्मा सचिवमा हुनेछ ।

च. संस्थाको वार्षिक प्रतिवेदन कार्यसमितिको तर्फवाट अध्यक्षको सहमतिमा साधारण सभामा पेश गर्ने जिम्मा सचिवको हुनेछ ।

४. कोषाध्यक्ष :

क. यस संस्थाको सम्पुर्ण सम्पत्तिहरु नगद तथा वार्षिक कारोवारको जिम्मा कोषाध्यक्षले लिनुपर्नेछ ।

ख. सदस्यता शुल्क तथा अन्य आयस्रोतका रकम उठाउने संवन्धि ताकेता पत्राचार कोषाध्यक्षवाटै हुनेछ ।

ग. यस संस्थाको आय-व्ययको हिसावका खाताहरु सहिढंगले सम्वन्धित निकायहरुको निर्णयअनुसार दुरुस्त अभिलेख राख्ने जिम्मेवारी कोषाध्यक्षलाई नै हुनेछ ।

घ. वार्षिक आर्थिक प्रतिवेदन लेखापरिक्षणको प्रतिवेदन आगामी वर्षकोलागी समेत कार्यसमितिको तर्फवाट साधारण सभा समक्ष पेस गर्नुपर्नेछ ।

५. सदस्यहरुको काम कर्तव्य र अधिकार

Scanned by CamScanner

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।
ख. संस्थाको कार्य मा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।
ग. कार्यसमिति वा अन्य समितिका कार्यहरु प्रति सदस्य पदअनुरुप जिम्मेवरी तथा कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

१८. गणपूरक संख्या :

क. कुल सदस्य संख्याको ६० (साठी) प्रतिशत सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुनेछैन ।

ख. विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पूनः वोलाईएको साधारण सभामा उपस्थित संख्याको ५१% उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

ग. तर ख बमोजिम पनि सभाको गणपूरक संख्या पुग्न नसकी पूनः दफा ११ को (५) मा उल्लेख भए वमोजिम वोलाइएको सभामा उपस्थित सदस्य संख्यालाई नै सभाको गणपुरक संख्या मानिने छ र सभा गर्न वाधा पर्ने छैन ।

## परिच्छेद ६
## आर्थिक व्यवस्था

१९. संस्थाको कोष : यस संस्थाको आर्थिक कोष देहाय वमोजिमको हुनेछ :

१. संस्थाको आफ्नो एउछा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय वमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछ ।

क. सदस्यता वापत प्राप्त प्रवेश शुल्क तथा बार्षिक सदस्यता शुल्क ।
ख. अन्य कुनै श्रोतवाट प्राप्तहुने सहयोग र अनुदान रकम ।
ग. स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग प्राप्त रकम ।
घ. आयश्रोतका अन्य माध्यमहरु पनि कार्यसमितिले निर्धारण गर्न सक्नेछ ।
ङ. विदेशी संस्था, समुह वा संस्थावाट आर्थिक सहयोग तथा अनुदान लिनु परेमा नेपाल सरकारको स्विकृती लिईनेछ ।
च. संस्थामा प्राप्त रकम स्थानीय वैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिने छ ।

२०. खाता संचालन :

आर्थिक श्रोतमा उल्लेख गरिएका श्रोतहरुबाट प्राप्त रकम संस्थाकै नामवाट कोष खडागरी स्थानीय वाणिज्य बैंकमा खाता खोली राखिने छ । खाता संचालन अध्यक्ष वा सचिव र कोषाध्यक्षको अनिवार्य संयुक्त हस्ताक्षरद्धारा हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. कोषको रकम खर्च गर्ने तरिका :

क. यस संस्थाको नाममा जुनसुकै स्रोतबाट प्राप्त भएका रकमहरु कार्यसमितिको निर्णयानुसार स्थानीय वाणिज्य वैकमा खाता खोली जम्मा गरिनेछ ।

ख. आर्थिक कारो वार सकेसम्म चेकवाटै गर्नुपर्नेछ । तर रु ५०००/-सम्मको कारोवारको लागि नगदको व्यवस्था गरी सो को संचालन कोषाध्यक्षवाटै वा तोकिएको कर्मचारीवाट गरिनेछ ।

ग. यस संस्थाको खरिद प्रकृयादेखि भुक्तानी कार्यहरु सवै आर्थिक नियमको परिधिभित्र रही वजेट अनुसार नै हुनु पर्नेछ । वजेट रकमको हकमा कार्यसमितिले तोकेको हनुपर्नेछ ।

घ. आकस्मिक घटना परेमा अध्यक्षले एकपटकमा रु ५००० मा नवढाई खर्च गर्न सक्नेछ । यसरी खर्च भएको रकम कार्यसमितिको वैठकमा पेश गरी खर्चको अनुमोदन लिनु पर्नेछ ।

ङ कार्यसमितिद्धारा तोकिएको वजेट शिर्षकभित्र नपरेका खर्च रकमको हकमा आगामी वैठकमा प्रस्तुत गरी अनुमोदन गराउनु पर्नेछ ।

Scanned by CamScanner

२२. संस्थाको लेखा र लेखा परिक्षण :

क. यस संस्थाको आम्दानी खर्चको बार्षिक हिसाब प्रचलित कानून बमोजिम राखिनेछ ।

ख. संस्थाको लेखा परिक्षण नेपाल सरकारबाट मान्यता प्राप्त रजिष्टर्ड लेखा परिक्षकद्वारा गराईन छ

ग. उक्त लेखा प्रतिवेदन साधारण सभावाट पारित गरिएपछि प्रमुख जिल्ला अधिकारी, जि.वि.स, समाज कल्याण परिषद एवं संबन्धित निकाय समक्ष पेश गरिने छ ।

घ. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुसुकै वखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसावकिताव जाँच गर्न गराउन सक्नेछ ।

ङ. लेखा परिक्षकको नियुक्ति साधारण सभावाट हुनेछ । तर प्रथम साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिवाट हुनेछ ।

## परिच्छेद ७

## निर्वाचन सम्वन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था :

क. कार्यसमितिको निर्वाचनको लागि कार्यसमितिले वढीमा ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन सम्पन्न भएपछि सो निर्वाचन समिति स्वत: विघटन हुनेछ ।

ख. निर्वाचन सम्वन्धी कार्यविधि निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

ग. निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

घ. कार्यसमितिको निर्वाचन प्रत्येक २ वर्षमा साधारण सभा मार्फत सकेसम्म आम सहमतिका आधारमा हुनेछ ।

ङ. कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव तथा कोषाध्यक्षका पदहरु कुनै एक सदस्यले एक पदमा मात्र उम्मेदवारी दिन पाउने छ ।

च. कार्य समितिको कुनै एक पदमा एक व्यक्ति वढीमा लगातर २ पदावधि सम्म मात्र रहन सक्नेछन् ।

२४. उम्मेदबार हुनको लागि योग्यता:

कार्य समितिको उम्मेदवार हुनको लागि यस संस्थाको सदस्य मात्र कार्य समितिको निर्वाचनमा भाग लिन र उम्मेदवार वन्न सक्ने छ ।

## परिच्छेद ८

## विविध

२५. अविश्वासको प्रस्ताव :

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीहरुको विरुद्धमा हो स्पष्ट खुलाइ देहाय वमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क. नेपाली भाषामा शिष्ट शव्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्दछ ।

ग. साधारण सभा सदस्यहरु मध्येवाट कम्तिमा एक चौथाई सदस्यहरुको प्रस्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्नेछ ।

२. उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा १५(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा वस्ने सुचना दिइने छ ।

Scanned by CamScanner

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :

क. साधारण सभाका अध्यक्षले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख. उप दफा ३ (क) वमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने वढीमा अन्य ३ जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उप दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो सभा अध्यक्षले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौका दिइ आफ्नो भनाईहरु राख्न अनुमति दिनेछ ।

४. अविश्वासको प्रस्ताव माथि निर्णय :

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि सभा अध्यक्षले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ :

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक पक्षमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख. साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको दुई तिहाई वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्ति वा संस्थाहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो संस्था उपर पुन: अविश्वासको प्रस्ताव ल्याउन पाइनेछैन ।

२६. विधान संशोधन :

विधान संशोधन गर्नु परेको खण्डमा संवन्धित विषयको प्रस्ताव सहित साधारण सभामा प्रस्तुत हुन आएमा दुई तिहाई वहुमतको आधारमा संशोधन गरिनेछ र स्थानीय अधिकारीवाट स्विकृति लिएर विधान लागू हुनेछ ।

२७. नियम वनाउने :

क. कार्यसमितिले आवश्यकता अनुसार संस्था दर्ता ऐन २०३४ तथा यस विधानको अधिनमा रही नियम, विनियम तथा कार्य निर्देशिका बनाई जारी गर्न सक्नेछ । स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

ख. यो विधान अन्तर्गत वनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्वन्धी विनियम वनाई लागु गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभावाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारी व्यवस्था :

क. संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संचालन गर्न, विदेशी सल्लाहकार वा स्वयम् सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि, पुऱ्याउने सेवा कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाजकल्याण परिषद्मा

Scanned by CamScanner

समेत जानकारी गराइनेछ ।

२९. संस्था खारेजी :

क. साधारण सभाको दुई तिहाई बहुमतले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेजी गर्न सक्नेछ ।

ख. उपदफा क बमोजिम संस्थाको खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव गर्नको लागि एक वा एक भन्दा वढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछ ।

ग. उपदफा ख बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकको पारिश्रमिक साधारण सभाले तोकी दिए बमोजिम हुनेछ ।

घ. यसरी संस्था विघटन भएमा संस्थाको दायित्वको फरफारक गरी वाँकी संपूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३० व्याख्या : यो विधान र विधान अन्तर्गत बनेको नियम, विनियमको अन्तिम व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने : यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुन कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले वैठक वा साधारण सभामा असभ्य र अश्लिल शव्दको प्रयोग गर्न पाइने छैन । साथै संस्थाले गोप्यता राख्नु पर्ने विषयलाई गोप्य राख्नु पर्दछ । यस्तो नगरेमा कार्य समितिको निर्णय अनुसार कावाही हुनेछ ।

३२. ऐन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ । संस्था दर्ता ऐन नियम र प्रचलित कानून संग वाभिन गएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

३३. निर्देशनको पालना : नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. तदर्थ समिति

संस्था दर्ता भइ विधान अनुसार नँया कार्य समिति गठन नभएसम्मकालागि देहाय बमोजिमको संस्थापक सदस्यहरु यस विधान अनुसारको कार्य समितीको काम गर्नेछ । साथै यस तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाइ विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउने र सोको जानकारी स्थानीय अधिकारीलाई दिने छ ।

| क.सं. | पद | नाम थर |
|---|---|---|
| १ | अध्यक्ष | निर्मल कुमार उप्रेती |
| २ | उपाध्यक्ष | सुमन न्यौपाने |
| ३ | सचिव | अमित उप्रेती |
| ४ | कोषाध्यक्ष | राजकुमार खतिवडा |
| ५ | सदस्य | राजाराम दुवाल |
| ६ | सदस्य | दिनेश सुवाल |
| ७ | सदस्य | सुनील कुमार वस्नेत |

*NeLSA-2009*

अनुसूची-१४

१. संस्थाको छाप र लोगोको विवरण :

क. यस संस्थाको निम्न बमोजिमको छाप हुनेछ ।

Nepalese Law Student Association

NeLSA-2009

Scanned by CamScanner